गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, कास्की

फोन नः०६१-४५१२५०
ईमेलःakckashki@gmail.com
वेवसाईट : kaski.akc.gov.np

## कृषि ज्ञान केन्द्र, कास्कीको आ.व. ०८०/८१ को कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन भएको मिति २०८०/०५/२४)

कृषि ज्ञान केन्द्र, कास्कीको आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक कास्की जिल्लाभित्रका कृषक, कृषि फर्म, कृषि समूह तथा सहकारी संस्थाले मिति २०८० असोज २३ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावसहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| क्र. सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाद्यान्नबाली प्रवर्धन आयोजना | | | | |
| क | खाद्यान्नवाली उत्पादन प्रवर्धन कार्यक्रम | ७५-८० | २० हेक्टर | २० | कम्तीमा १० घर परिवार संलग्न न्यूनतम १०० रोपनीमा क्षेत्रफलमा कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा संचालन गर्नु पर्ने। |
| ख | खाद्यान्नवालीको प्रशोधन मूल्य अभिवृद्वि तथा बजार प्रवर्धन कार्यक्रम | ५० | १ पटक | ५ | कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत संचालन गर्नु पर्ने। |
| २ | आलु तथा तरकारीबाली प्रवर्धन आयोजना | | | | |
| क | वेमौसमी तरकारी खेती प्रवर्धन कार्यक्रम | ५० | २५ हेक्टर | २५ | तरकारीको हकमा कृषि फर्म/कम्पनी हकमा खुल्ला जमिनमा २ रोपनी वा संरक्षित संरचना भित्र १४० वर्गमिटर क्षेत्रफल, कृषक समूह/सहकारीको हकमा कम्तीमा १० परिवार संलग्न भई १० रोपनी वा र संरक्षित ७०० वर्ग मिटर क्षेत्रफलमा खेती गर्नु पर्ने ।<br>आलुको हकमा कृषि फर्म/कम्पनीको हकमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० परिवार संलग्न भई घटिमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने । |
| ख | आलु तथा तरकारीवालीको मूल्य अभिवृद्वि तथा बजार प्रवर्धन कार्यकम | ५० | २ पटक | १० | |
| ग | थोक बजारमा किसान स्टल निर्माण तथा संञ्चालन सहयोग कार्यक्रम | ५० | १ सख्या | ५ | कृषक समूह वा सहकारी संस्था वा बजार समिति मार्फत मार्फत संचालन गर्नु पर्ने। |
| ३ | फलफूल विकास आयोजना | | | | |
| क | फलफूल बगैचा स्थापना तथा विस्तार कार्यक्रम | ५० | १२ हेक्टर | २४ | कृषि फर्म/कम्पनीको कम्तीमा ३ रोपनी र कृषक समूहको हकमा कम्तीमा १० घरपरिवार संलग्न भई घटीमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| ख | फलफूल बगैचा व्यवस्थापना तथा सुदृढीकरण सहयोग कार्यक्रम | ५० | २० हेक्टर | ८ | |
| ४ | रैथानेवाली प्रवर्धन आयोजना | | | | |

प्रमुख
अधिकृतस्तर दशौं

| | | | | | |
|---|---|---|---|---|---|
| क | रैथानेबाली प्रशोधन तथा बजारीकरण प्रवर्धन कार्यक्रम | ५० | [illegible] | ६ | कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने। |
| ख | रैथानेबाली उत्पादन प्रवर्धन कार्यक्रम | ८५ | ५ पटक | ५ | कोदो, जौ, फापर, उवा, जुनेलो, कागुनो आदीको कम्तीमा १० घरपरिवार संलग्न भई घटिमा २० रोपनी क्षेत्रफलमा खेती गरेको गर्नु पर्ने। |
| ५ | मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | ५० | २० पटक | ३० | अदुवा, वेसार, लसुन, प्याज, खुर्सानी आदी खेती कृषि फर्म/कम्पनीको हकमा १० रोपनी र समूह/सहकारीको हकमा ५० रोपनी क्षेत्रफल खेती गर्नु |
| ६ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | ५० | २० हेक्टर | ३० | क्लष्टरमा बीउ उत्पादन गर्नु पर्ने। |
| ७ | समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्धन आयोजना समुदायस्तरमा प्रशोधनयोग्य आलुप्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त) | ७५-८५ | ५० हेक्टर | १४० | कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा १० घरपरिवार संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गरेको हुनु पर्ने। |
| ८ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | ९० | ५ पटक | २५ | कम्तीमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताका लागि विविध कार्यक्रम गर्नु पर्ने । |
| ९ | प्राङ्गारिक मल वितरण | ७५ | ३ पटक | २१ | २ रोपनीमा व्यवसायिक खेती गरेको हुनु पर्ने। |
| १० | फलफुल नर्सरी स्रोत केन्द्र स्थापना | ५० | १ पटक | १० | कृषि फर्म/कम्पनीको कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भई घटिमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| ११ | बाली बीमाको बीमाशुल्कमा अनुदान | १०० | ४ पटक | ३ | यस कार्यक्रमका लागि २०८१ असार १५ गतेसम्म निवेदन दिन सकिने। |

गण्डकी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, कास्की, पोखरा, नेपाल

<u>आवश्यक कागजातहरु:</u>

१) रु १० को टिकट टाँसेको निवेदन
२) प्रस्तावना फारम
३) नेपाली नागरिकताको प्रमाणपत्र
४) जग्गा धनीको प्रतिलिपि वा भाडाको जग्गा भए जमा करारनामा सम्झौताको प्रतिलिपि
५) वडा कार्यालयको सिफारिश पत्र वा सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिश पत्र
६) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायक कागजातहरु संलग्न गर्नुपर्नेछ (दर्ता, स्थापनासम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयवाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र )

*पुनश्च: माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ । सबै उल्लेखित मितिभित्र आवश्यक प्रकृया नपुगेमा कुनै प्रकृया अघि बढ्ने छैन।*

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, कास्कीको वेवसाईट <u>kaski.akc.gov.np</u> वाट प्राप्त गर्न सकिनेछः थप जानकारीको लागि (फोन नं. ०६१-४५१२५०, ९८५६०२८४४४, ९८५६००१३४४)

प्रमुख
अधिकृतस्तर दशौं

CamScanner